लक्ष्मीनियाँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७९/०९/२० गते)

स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि, २०७९ को दफा ६(१) तथा गाउँ कार्यपालिकाको मिति २०७९/०९/१८ गतेको निर्णयानुसार यस लक्ष्मीनियाँ गाउँपालिका कृषि शाखाको लागि तपसिलको १(एक) पदमा खुला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :-

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १/२०७९-८० | कृषि स्नातक | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको | |

१. उमेर हद
दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

२ दरखास्त दिने स्थान : लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय, लक्ष्मीनियाँ बजार, धनुषा ।

३. दरखास्त दिने अन्तिम मिति : २०७९/०९/२६ गते

४.आवेदन दस्तुर : रु.१००० (रु.एक हजार मात्र)

५.छनौटको किसिम : प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन र अन्तर्वार्ता ।

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि ।

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ख. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि घ. कामसँग सम्बन्धित अनुभन भए सोको कागजात

ङ.हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

७. सेवा सुविधा तथा शर्त :स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि, २०७९ मा उल्लेख भएबमोजिम हुनेछ ।

८. आवेदन फारामको ढाँचा तथा पदपूर्ति सम्बन्धी अन्य जानकारी यस गाउँपालिकाको कृषि शाखाबाट प्राप्त गर्न सकिनेछ । सम्पर्क नं.९८६१०१२०४६

२०७९।०९।२०
नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत